वितरणपूर्व जाँच

**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित प्रतिनिधि**

**लेना सुन्धद्वारा**

जातीय भेदभाव उन्मूलनको अन्तर्राष्ट्रिय दिवसका अवसरमा दिइएको भाषण
धनगढी, २०६३ चैत ७

प्रिय मित्रहरू,

तपाईंहरूसँग जातीय भेदभाव उन्मूलनको अन्तर्राष्ट्रिय दिवसको स्मरण गर्न तथा नेपालमा हाम्रो पाँचौं क्षेत्रीय कार्यालयको स्थापना मनाउन सुदूर पश्चिमाञ्चल क्षेत्रको मेरो पहिलो भ्रमणमा आज यहाँ धनगढीमा हुन पाउँदा म अत्यन्त हर्षित छु । अई र उहाँको टोलीको तर्फबाट, उच्चायुक्तको कार्यालय, नेपाल भविष्यमा तपाईंहरू सबैसँग नजिक रहेर कार्य गर्न उत्सुकताका साथ अपेक्षा गर्दछ भन्ने कुरा म व्यक्त गर्न चाहन्छु ।

हामीले गत वर्ष यो दिवस मनाएयता नेपाल विशाल रूपले परिवर्तित भएको छ । युद्धविराम, विस्तृत शान्ति सम्झौता तथा अन्तरिम संसद अत्यन्त ठूला उपलब्धिहरू हुन । जनआन्दोलनलगत्तै भएका यी सफलताहरूले द्वन्द्वोत्तर समाजमा आफूलाई उपलब्ध हुने अवसरहरूका बारेमा धेरै नेपाली जनताका माझमा अपेक्षाहरू बढाउन सहयोग पुऱ्याएको छ ।

उच्चायुक्तको कार्यालय, नेपालले सन् २००५ मईमा आफ्नो ढोका खोलेयता जाति र जातीयतामा आधारित भेदभावलगायतका लामो समयदेखि रहँदै आएका भेदभावका मुद्दाहरूको सम्बोधन गर्नमा आफ्नो कार्य केन्द्रित गर्दै आएको छ । निश्चय नै यहाँका जनताले गत अगष्ट र सेप्टेम्बरमा डोटीमा दलित उपासकहरूलाई शिवको मन्दिरमा प्रवेश गर्न नदिइएकोमा भएका घटनाहरूको स्मरण गर्नेछन् । जिल्ला प्रशासन कार्यालयले उनीहरूलाई मन्दिरभित्र प्रवेश गर्ने अधिकार छ र सो अधिकारको उल्लङ्घन गर्नेहरूलाई अभियोजित गरिनेछ भनेर जारी गरेको सूचनाका बाबजुद यो दोस्रो पटक भएको थियो ।

नेपाल पक्ष भएको सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको धारा १ ले "वंशज"मा आधारित भेदभावमा समुदायका सदस्यहरूविरुद्ध जात जस्ता सामाजिक स्तरीकरणका स्वरूपहरूमा आधारित भेदभाव पर्दछन् भन्ने अभिपुष्टि गर्दछ । सबै प्रकारका जातीय भेदभाव उन्मूलनको अन्तर्राष्ट्रिय महासन्धिको धारा ५ (ख) अन्तर्गत, सरकारी अधिकारी वा अन्य कुनै व्यक्तिगत समूह वा संस्था जोबाट गरिएको भए पनि सुरक्षा र हिंसा वा शारीरिक हानिविरुद्धको संरक्षणका अधिकारलगायत समानता वा गैरभेदभावको सुनिश्चितता गर्ने पनि सरकारको दायित्व हुन्छ ।

सघन वार्तापछि डोटीमा दलित र गैरदलित बीचमा सम्झौता भएको हेर्न पाउँदा हाम्रो कार्यालय खुशी थियो, जसमा सबै उपासकलाई मन्दिरहरूभित्र स्वतन्त्र पहुँच दिने कुरा थियो । तर, हामीले यी घटना पछाडि गहिरो जरा गाडेर रहेको मुद्दालाई सम्बोधन गर्न थप धेरै प्रयासको आवश्यकता पर्नेछ भन्ने सबै सरोकारवालाबाट भएका सम्झौताको विरोध र चेतावनीलाई पनि उल्लेख गर्‍यौं । विशेषगरी, संलग्न सबैले यस घटनामा उच्चायुक्तको कार्यालयको निरन्तर सरोकारका लागि अनुरोध गरे ।

भेदभाव नेपालस्थित हाम्रो कार्यालयका लागि मात्र ठूलो सरोकारको मुद्दा होइन, सम्पूर्ण संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार प्रणालीकै लागि हो । सन् २००२ मा, मानवअधिकार उच्चायुक्तको कार्यालयले भेदभावविरुद्धको इकाई स्थापना गर्‍यो, जुन सन् २००१ को जातीवादविरुद्धको विश्व सम्मेलनको घोषणापत्र र कार्ययोजनाको अनुगमन गर्न जिम्मेवार छ । यो इकाईले भेदभावविरोधी नीति तथा कानुनहरूको निर्माण तथा कार्यान्वयन गर्न राज्यहरूलाई सहयोग पनि गर्दछ ।

जातीय भेदभाव उन्मूलनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समितिले सन् २००४ को आफ्नो सबभन्दा पछिल्लो प्रतिवेदनमा सोही वर्ष नेपाल सरकारको प्रतिवेदनमा आधारित कार्यका लागि आह्वान गर्‍यो । सो समितिल ऐतिहासिक रूपले सीमान्तकृत समूहका सदस्यहरूलाई निर्वाचनमा सहभागी हुने, निर्वाचनमा मतदान गर्न तथा उम्मेदवार उठ्न पाउने र सरकार, व्यवस्थापकीय निकाय तथा न्यायपालिकामा उचित प्रतिनिधित्व हुन पाउने अधिकार प्रत्याभूति गर्ने विशेष उपायहरू सरकारले कार्यान्वयन गरोस् भन्ने लगायतका सरोकारका १३ वटा क्षेत्रसम्बन्धी सिफारिस गर्‍यो ।

"छुवाछूत"मा आधारित भेदभावलाई निषेध गर्ने कानुन तथा नागरिकता प्रमाणपत्रको भइरहेको वितरण यस्ता सरोकारको सम्बोधन गर्नमा सकारात्मक कदमहरू हुन् । आगामी संविधानसभाको निर्वाचनमा दलित, मधेशी तथा जनजातिको उचित प्रतिनिधित्व सुनिश्चित गर्ने कार्य यो देशमा सबै नेपालीलाई पूर्ण नागरिक तथा साझेदारको रूपमा आफ्ना अधिकारहरूको उपभोग गर्न मार्ग प्रशस्त गर्न राज्य गम्भीर छ भन्ने कुराको महत्त्वपूर्ण सङ्केत हुनेछ ।

तर, यति प्राप्त गर्न पनि थप प्रयास, राजनीतिक अठोट तथा ऐतिहासिक रूपले सीमान्तकृत समूहहरू र सरकारको बीचमा सहकार्यको आवश्यकता पर्नेछ । लामो समयदेखि रही आएका, गहिरो रूपले जरा गाडेका भेदभावलाई रातारात ठीक गर्न सकिदैन भन्ने कुरा विश्वभरका अनुभवले देखाउँदछन् । तर, विस्तृत शान्ति सम्झौतामा यो समस्यालाई स्वीकार गरेर दलहरूले परिवर्तनको बाटो खुलाएका छन् । संविधानसभाको सदस्यताले नेपाली समाजको विविधतालाई प्रतिविम्बित गर्न अति आवश्यक छ भन्ने कुरालाई पनि व्यापक रूपले स्वीकार गरिएको छ । अब अन्तरिम व्यवस्थापिकाले र स्थापना हुने बित्तिकै अन्तरिम सरकारले सबैभन्दा सीमान्तकृतलगायतका नेपाली समाजका सबै क्षेत्रको अझ बृहत् प्रतिनिधित्व तथा सहभागिता ल्याउने ठोस उपायहरू कार्यान्वयन गर्ने कुरा महत्त्वपूर्ण छ ।

धन्यवाद

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16107 or mlogan@ohchr.org**